४०८

राष्ट्रिय सूचना आयोग
प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त ।करणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

आदेश

मु.नं. ३७०/२०७१/०७२

निर्णय नं.२०

सन्धिखर्क नगरपालिका वार्ड नं. १, अर्घाखाची बस्ने मुक्तिनाथ भुसाल ....................................१ निवेदक

विरूद्ध

कार्यालय प्रमुख, पश्चिमाञ्चल सडक डिभीजन कार्यालय नं. ५ शिवपुर, कपिलबस्तु .................१ विपक्षी
सूचना अधिकारी, पश्चिमाञ्चल सडक डिभीजन कार्यालय नं. ५ शिवपुर, कपिलबस्तु ...............१

विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।

सन्धिखर्क नगरपालिका वार्ड नं. १, अर्घाखाची बस्ने मुक्तिनाथ भुसालले पश्चिमाञ्चल सडक डिभीजन कार्यालय नं. ५ शिवपुर, कपिलबस्तु समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०२।२० मा निवेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३(३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर निवेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अतः निवेदकले माग गरेको तपसिलको सूचना निवेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी पश्चिमाञ्चल सडक डिभीजन कार्यालय नं. ५ शिवपुर, कपिलबस्तुका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । निवेदकको निवेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी निवेदकलाई दिनू ।

तपसिल

१. गत आ.व. २०७०।०७१ मा गोरुसिङे सन्धिखर्क सडकका लागि कति बजेट कुन प्रयोजनका लाग प्राप्त भएको थियो र कति रकम बराबरको काम सम्पन्न भएको थियो ? सो को प्रमाणित प्रतिलिपि ।

२. आ.व. २०७०।०७१ मा डिभिजन प्रमख सहित कर्मचारीहरुको भ्रमण र अनुगमनमा कति कति रकम खर्च गरिएको थियो ? सो को प्रमाणित प्रतिलिपि ।

३. आ.ब २०७०।०७१ का उक्त कार्यालयेका स्टेशनरी, बिज्ञापन र पत्रपत्रिकामा कति रकम खर्च गरिएको थियो ? सोको प्रमाणित प्रतिलिपि ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल साउन २९ गते रोज ६ शुभम् ।